# महाबु गाउँपालिका

## गैडाबाज दैलेख

## कर्णाली प्रदेश नेपाल

# आ व २०८२/०८३ को बजेट तथा कार्यक्रम

## गाउँपालिका उपाध्यक्ष श्री मञ्जु कुमारी शर्मा पाण्डे द्वारा
## महाबु गाउँपालिकाको गाउँ सभाको १७ औ अधिवेशनमा प्रस्तुत

# बजेट वक्तव्य

**यस समान्नित गाउँसभाका सभाध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभावहरु,**

सर्वप्रथम, महाबु गाउँपालिकाको गाउँसभाको १७ औ अधिवेशनको दोस्रो बैठकमा हार्दिक स्वागत गर्दछु।

आज मुलुक संघ प्रदेश र स्थानीय तह सहितको संघीय संरचनामा गएपछी स्थानीय तहले असारभित्र आगामी वर्षको लागि बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्ने संवैधानिक तथा कानूनी प्रावधान अनुसार यस महाबु गाउँपालिकाको गरिमामय गाउँसभामा मैले गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले समग्र महाबु गाउँपालिकाको विकास र समृद्धिको खाका सहित महाबु गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को अनुमानित आय, व्यय यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा आफूलाई  गहिरहेकी छु ।

स्थानीय सरकार जनताको सन्निकट सरकार भएकाले यसका लक्ष्य, गन्तव्य तथा उदेश्यहरु पनि नागरिकको जनजीवन र जनजीविकासंग प्रत्यक्ष जोडिएका हुन्छन। गाउँपालिकाको समग्र सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउँदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प रहेको छ। यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिदै आगामी आर्थिक वर्ष

२०८२।८३ को बजेट हामीले निर्वाचनमा जनतासंग गरेका प्रतिबद्दता पुरा गर्ने र **"आर्थिक सामाजिक, संस्थागत र पूर्वाधार विकास सुशासनयुक्त समृद्ध महाबुको आधार"** भन्ने नारालाई संस्थागत गर्न आम गाउँवासीको साथ, समर्थन, एकता र सहयोग कायम राखिराख्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा विशेष सचेत एवम् सतर्क छु।

यस गाउँपालिकाको सुख, शान्ती, गौरव, गरिमा र समुन्नती हासिल गर्नका लागि हाम्रा प्रयास, प्राथमिकता र प्रतिबद्दताहरु के-कस्ता नीति तथा कार्यक्रम मार्फत निर्देशित रहनेछन भन्ने कुरा हामीले यस गरिमामय सभाको मिति २०८२ असार ०८ गतेको सम्मानित गाउँसभा अधिवेशनबाट स्वीकृत गरि कार्यक्रम तथा बजेट तर्जुमाका आधार तथा प्राथमिकताहरुलाई अनुमोदन गरिसकेका छौं। नीति तथा कार्यक्रममा अवलम्बन गर्ने भनिएका हाम्रा विकास प्रयासहरुलाई हासिल गर्ने प्रमुख औजारका रुपमा रहने कार्यक्रम योजनागत बजेटलाई सहि गन्तव्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु १६ औ पञ्चर्षीय योजना, गाउँपालिकाको पहिलो पञ्चबर्षिय आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार संजालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, विभिन्न राजनीतिक

दलहरु, नागरिक समाज, पत्रकार, बुद्दिजिवीहरु तथा विकास साझेदारहरुवाट प्राप्त सुझावहरु, गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत निम्न आधारहरु लिईएको छ।

क) गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने,

ग) आन्तरिक आय, राजध परिचालन र वृद्धिमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

च) लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउने,

छ) दिगो विकास, बातावरण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

ज) जलवायु परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने,

झ) गाउँपालिका क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाको संरक्षणमा योगदान पुर्याउने,

ञ) पोषण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउने,

ट) स्वास्थ्य सेवालाई प्रभावकारी एवम् विस्तारित बनाउने,

ठ) शिक्षालाई प्राविधिक एवम् व्यवहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने,

आ.व. २०८२।०८३ को बजेटको उद्देश्य हासिल गर्न देहाय अनुसारका नीतिगत कार्यक्रमगत, र प्रक्रियागत प्राथमिकता निर्धारण गरिएको छ ।

क. आर्थिक विकास र गरिबी न्यूनिकरणमा योगदान पुर्याउने
ख. निजी, सहकारी, समुदायसंग साझेदारी गर्ने
ग. राजश्व परिचालनमा योगदान पुर्याउने
घ. सेवा प्रवाह, संस्थागत विकास र सुशासनको प्रभावकारिता वृद्दी गर्ने
ङ. जनसहभागिता मार्फत स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्ने
च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्दी गर्ने,
छ. जलवायु परिवर्तन अनुकुल र न्यूनिकरण, वातावरण संरक्षण, विपद व्यवस्थापनको माध्यमबाट दिगो विकासमा योगदान पुर्याउने,
ज. गाउँपालिका क्षेत्रका सांस्कृतिहरुको संरक्षण र सम्बर्दन गर्ने,
झ. विगतमा संचालनमा आएका अधुरा योजनाहरु पुरा गर्ने,
अ. न्यायिक समितिलाई प्रभावकारी बनाउने ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

बजेट भनेको कुनै निश्चित वर्ष वा अवधिका लागि लक्ष्य, गन्तव्य, प्राथमिकता, प्रतिबद्दता, नीति, कार्यनीति सहित वित्तीय स्रोतको सुनिश्चितता पनि हो। मैले यो बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरि यस गाउँको समृद्दीतर्फको भविष्य र जनताको विकास प्राप्तिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्दान्तलाई आत्मसाथ गरेको छु। गाउँपालिकाको अर्थतन्त्रको थप पुँजी निर्माण हुने

खर्च र पुँजीगत प्राप्ती तर्फ लक्षित आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

गाउँ कार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८२।०८३ को आय र व्ययको अनुमान स्वीकृतिको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व गत आ.व.को यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय-व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

अव म चालु आ.व. २०८१/०८२ को असार ९ गते सम्मको यथार्थ आय-व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु।

महाबु गाउँपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित बजेट रु ४५ करोड ८३ लाख १५ हजार ४ सय ७९ र पैसा ४ मध्ये हाल सम्म रु ४० करोड ३२ लाख ३३ हजार ४ सय ८२ रुपैयाँ ५० पैसा कुल आम्दानी भएको छ । सो रकम मध्ये यस गाउँपालिकाको खातामा हाल सम्म चालु तर्फ रु २८ करोड ३० लाख ७५ हजार ५ सय ७३ र पैसा ३९ र पुंजीगत तर्फ रु १२ करोड ८७ हजार ७ सय ८८ रुपैया प्राप्त भएकोमा चालु तर्फ रु २० करोड ७७ लाख ७८ हजार ७ सय ४४ र पैसा २७ र पूँजीगत तर्फ ५ करोड ९७ लाख ७ हजार ८ सय २७ रुपैया र पैसा ८२ मात्र खर्च

भएको देखिन्छ । हालसम्म यस गाउँपालिकामा कुल वजेट मध्ये चालु तर्फ ६८।०२ प्रतिशत र पुँजीगत तर्फ ३९।०७ प्रतिशत खर्च भएको छ।

प्रकोप व्यवस्थापन कोषमा २८ लाख ५१ हजार ३ सय ५४ रुपैयाँ २० पैसा आम्दानी गरीएकोमा हालसम्म ७ लाख ६१ हजार ७१ रुपैयाँ खर्च भएको छ ।

विविध खर्च खातामा स्थानीय जलबायु अनुकुलन परियोजना र युनिसेफ नेपाल बाट प्राप्त रकम समेत गरी रु  १ करोड ८६ लाख ७ हजार १ सय ६० रुपैया र पैसा ४३ आम्दानी भएकोमा ५० लाख १८ हजार ४ सय ८५ रुपैया र ७४ पैसा मात्र खर्च भएको छ ।

। चालु खर्च तर्फको रकम गाउँपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम गाउँपालिका स्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको देखिन्छ । चालु खर्चमा सामाजिक सुरक्षा तर्फको रकम समावेश गरिएको छैन ।

**गाउँसभाका अध्यक्ष महोदय**

**गाउँ सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षका लागि प्रस्तावित राजश्व र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ का लागि कुल आय ४९ करोड ४० लाख ४२ हजार ७ सय २२ रुपैया हुने अनुमान गरिएको छ

भने कुल खर्च तर्फ चालु खर्च ३३ करोड ८० लाख ६२ हजार ७ सय २२ रहेको छ भने पुँजीगत तर्फ १५ करोड ५९ लाख ८० हजार रहेको छ। कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ ।

आयतर्फ

क. आन्तरिक आयः रु  १ करोड ७५ लाख ५० हजार

ख. राजश्व बाँडफाँडः रु  ८ करोड ६२ लाख ७० हजार ७ सय २२

ग. समानिकरण अनुदान (नेपाल सरकार): ८ करोड ७१ लाख

घ. समानिकरण अनुदान (प्रदेश सरकार): १ करोड ७ लाख ४० हजार

ङ. सशर्त अनुदान नेपाल सरकारः १८ करोड ७८ लाख

च. सशर्त अनुदान प्रदेश सरकारः २ करोड ६५ लाख ८२ हजार

छ. विशेष अनुदान नेपाल सरकार : १ करोड ६५ लाख

ज. विशेष अनुदान प्रदेश सरकार : १ करोड १०  लाख

झ. समपुरक अनुदान संघीय सरकार : ९६ लाख

ञ. स्थानीय जलवायु अनुकुलन कार्यक्रम : ४ करोड

ट. युनिसेफ नेपाल : १० लाख

कुल जम्मा आय-  ४९ करोड ४० लाख ४२ हजार ७२२

व्ययतर्फ

क. चालु खर्च : ३३ करोड ८० लाख ६२ हजार ७ सय २२

ख. पुँजीगत खर्च : १५ करोड ५९ लाख ८० हजार

ग. कुल जम्मा : ४९ करोड ४० लाख ४२ हजार ७२२

उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरि विनियोजन गरिको छ। यसले गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट सन्तुलित बजेटको सिद्दान्त अनुसार आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँसभालाई जानकारी गराएको छु।

क्षेत्रगत कार्यक्रम तर्फ आर्थिक विकास तर्फ कुल बजेट मध्ये ७६ लाख विनियोजन गरेको छु । यसैगरि सामाजिक विकास तर्फ कुल बजेटमध्ये ९५ लाख मात्र विनियोजन गरेको छु। यसैगरि पूर्वाधार विकास तर्फ कुल बजेटमध्ये ४ करोड ८६ लाख ९० हजार विनियोजन गरेको छु । यसैगरि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल बजेटमध्ये ३२ लाख ५० हजार विनियोजन गरेको छु । यसैगरि वन वातावरण जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ कुल बजेटमध्ये २६ लाख विनियोजन गरेको छु । यसैगरि कार्यालय संचालन तथा शशर्त चालु तर्फ कुल बजेटको ३१ करोड ८१ हजार २ हजार ७२२ विनियोजन गरेको छु।

खर्च तर्फ योजनागत विस्तृत विवरण गाउँसभाबाट पारित भैसके पश्चात सार्वजनिक गरिने छ ।

व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, सेवा सुविधा र गाउँपालिकाले दिएको सेवा सुविधा सोही सरह कायम हुने गरि यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा प्रशासनिक खर्चको शिर्षकमा तलब भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु ।

विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाईने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावलोकन गरि प्रशासनिक खर्च भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

अब म गाउँपालिकाको आ.व. २०८२।०८३ का लागि शिर्षिकगत रुपमा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१. महाबु गाउँपालिका अन्तर्गतको प्रत्येक वडामा एक वडा एक पकेट कार्यक्रमका लागि १२ लाख विनियोजन गरेको छु ।
२. एक वडा एक नर्सरी कार्यक्रमका लागि रु ६ लाख बिनियोजन गरेको छु ।
३. एक घर एक करेसाबारी, कृषि पाठशाला, बाली संरक्षण, मनिल्याब संचालन र कृषि विमा तथा कृषक सम्मान तथा अगुवा कृषक भ्रमणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु । गाउँपालिकाको समग्र कृषि विकासका लागि ३० लाख वजेट व्यवस्थापन गरेको छु ।
४. जीविकोपार्जन सुधारका लागि विपन्न दलित लक्षित बाख्रा प्रवर्द्धन कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु । कुखुरा प्रवर्द्धन कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु ।

५. एक वडा एक डिपिङ्ग ट्याङ्कका लागि आवश्यक बजेट मिलाएको छु ।पशु उपचारका लागि औषधि खरिद तथा उपकरण खरिदका लागि रु ५ लाख बिनियोजन गरेको छु ।

६. पशु विमामा ५० प्रतिशत अनुदानका लागि आवश्यक बजेट विनियोजन गरेको छु । गाउँपालिकाको समग्र पशु विकासका लागि ३० लाख वजेट व्यवस्थापन गरेको छु ।

७. उपाध्यक्ष संग लघुउद्यम विकास कार्यक्रमका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु । गरिवि निवारणका लागि लघुउद्यम साझेदारी तथा उद्योग तथा बार्णिज्य क्षेत्रका लागि रु १३ लाख विनियोजन गरेको छु

८. महाबु गाउँपालिकाको सहकारी क्षेत्रको क्षमता विकास गराई आर्थिक आयआर्जनमा सहयोग पुर्याउनका लागि विभिन्न क्षमता विकास तालिम संचालन गरी सक्रिय बनाउनका लागि रु ३ लाख बजेट व्यवस्थापन गरेको छु ।

९. अध्यक्ष कप रनिङ्गशिल्ड प्रतियोगिताका लागि रु ५ लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु ।

१०. स्थानीय पाठ्यपुस्तक निर्माण र कक्षा ८ को परीक्षा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११. उत्कृष्ट विद्यार्थिहरुलाई छात्रवृति कार्यक्रमका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

१२. शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री पुर्वाधार क्षमता अभिबृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच समावेशिकरण र गुणस्तर सुधार परियोजना कार्यक्रमका लागि रु १ करोड ६५ लाख व्यवस्थापन गरेको छु ।

१३. विभिन्न शिविर संचालनका लागि रु ६ लाख बजेट विनियोजन गरेको छ । आधारभुत औषधि तथा उपकरण खरिदका लागि १० लाख बजेट व्यवस्थापन गरेको छ । समानिकरण अनुदानबाट स्वास्थ्य तर्फका लागि रु २० लाख बजेट विनियोजन गरेको छ ।

१४. महाबु अस्पताल संचालन तथा व्यवस्थापनका लागि रु ३८ लाख विनियोजन गरेको छ ।

१५. उपाध्यक्षसंग पोषण कोषेली कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

१६. दीगो विकासका लक्ष्य अनुरुप वि.स. २०८४ सम्म पोषण मैत्री गाउँपालिका घोषण गर्नका लागि टोल बस्ति समुदाय वडा र पालिकाले ४९ वटा सुचकहरुलाई मध्यनजर गर्दै पोषण मैत्री गाउँपालिका अभियान संन्चालन कार्यक्रमका लागि रु ४५ लाख बजेट व्यवस्थापन गरेको छ ।

१७. नारी संरक्षण सम्वन्धी काम गर्ने गराउने तथा पिछडिएका तथा बालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यहरु गर्ने गराउने तथा पिछडिएका तथा उत्पिडित बालवालिकाका लागि विशेष संरक्षणका लागि **बालिका विशेष सहयोग** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१८. अपाङ्गता सम्बन्धी घुम्ति शिविर संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१९. विभिन्न जनचेतनामुलक कार्यक्रमहरु ( बाल अधिकार, बाल श्रम, बालबिवाह, लैङ्गिक हिंसा, मानव वेचविखन, सामाजिक विकृति तथा विसंगती, जातिय विभेद, लागु औषध दुर्वसनी सम्बन्धी र आत्महत्या

निरुत्सहान सम्बन्धी कानूनी सचेतना कार्यक्रम )का लागि रु २ लाख विनियोजन गरेको छु

२०. अति विपन्न लक्षित विमा कार्यक्रम संचालनका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रका लागि रु १४ लाख विनियोजन गरेको छु ।

२१. गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुमा आवतजावत सहज बनाउन मर्मत सम्भार कोषलाई निरन्तरता दिएको छु । गाउँपालिका भित्रका मुख्य सडकहरु मर्मतसम्भार गर्न निश्चित अवधिका लागि सडक मर्मत कार्यकर्ताको ब्यवस्था मिलाएको छु । मर्मत सम्भार कोषका लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

२२. गाउँपालिकामा सडक सञ्जालमा नजोडिएका बस्तिहरुलाई सडक सञ्जालमा जोड्न र स्तरोन्नति गर्न रु ६२ लाख ४० हजार बजेट विनियोजन गरेको छु ।

२३. एकपाटे लामिडाँडा टाकुरी काशिकाध जोड्ने सडक निर्माणका लागि रु १ करोड ४५ लाख बजेट व्यवस्थापन गरेको छु ।

२४. महाबु गाउँपालिकाको सिचाई सुविधालाई विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक सिचाई योजनाहरुका लागि रु ३२ लाख बजेट विनियोजन गरेको छु ।

२५. मष्टा आधारभुत विद्यालयको भवन निर्माणका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

२६. स्वास्थ्यका लागि खुला व्यामशाला निर्माणका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।भवन तथा शहरी विकासका लागि रु ७० लाख बजेट विनियोजन गरेको छु ।

२७. स्थानीय प्रकोष व्यवस्थापन कोषलाई निरन्नतरता दिनका लागि रु १० लाख बिनियोजन गरेको छु ।

२८. भु संरक्षणका लागि रु १६ लाख बजेट विनियोजन गरेको छु ।

२९. महाबु गाउँपालिकाको भौगोलिक विकटता र यातायातको असुविधाका कारण ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका ब्यक्तिलाई सरल र सहज रुपमा सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडा कार्यालयबाट त्रैमासिक रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

३०. स्थानीय जलवायु अनुकुलन परियोजना संघीय समपुरक लगायत अन्य साझेदारिका लागि रु ३ करोड विनियोजन गरेको छु

३१. सडक वोर्ड संगको साझेदारीमा गैडाबाज बजारको सडकलाई स्तरोन्नति गर्न आवश्यक साझेदारी रकमको व्यवस्थापन गरेको छु ।

३२. मुख्य मन्त्री रोजगार कार्यक्रमका लागि प्रत्येक वडामा १५ लाखका दरले १।१ वटा योजना कार्यान्वयन हुने गरी रु ९० लाख बजेट व्यवस्थापन गरेको छु ।

३३. प्रत्येक वडाहरुमा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि रु २ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

३४. गाउँपालिकाको सम्पुर्ण कार्यालय संचालन तथा प्रशासकिक खर्चका लागि रु १० करोड ३७ लाख २० हजार ७२२ रकम विनियोजन गरेको छु ।

३५. मकै विउ उत्पादन कार्यक्रमका लागि रु ८ लाख रकम व्यवस्थापन गरेको छु ।

३६. महाबु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि आवश्यक पाठ्यपुस्तक, दिवा खाजा, स्यानिटरी

प्याड,   छात्रवृत्ति वितरणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

३७. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

३८. नागरिक आरोग्य केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

३९. राष्ट्रिय रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गर्न साझेदारीका लागि रु ३३ लाख ७२ हजार विनियोजन गरेको छु ।

४०. गैडाबाज मा वि शौचालय निर्माण, घेरबार तथा फर्निचर व्यवस्थापन महाबु ४ का लागि रु  ३० लाख बजेट व्यवस्थापन गरेकोछु ।

४१. स्थानीय जलवायु परिवर्तन अनुकुलन परियोजना मार्फत विभिन्न योजना तथा कार्यक्रम संचालनका लागि रु ५ करोड ५० लाख बजेट व्यवस्थापन गरेको छु ।

४२. यसै आर्थिक वर्षमा सम्झौता भई कार्यन्वयनमा रहेका ताराचौर लिफ्ट सिंचाई योजना महावु  २, ताराचौर कृषि उपज संकलन केन्द्र योजना महावु  २, नयां वस्ती खानेपानी तथा सरसफाई योजना महावु ४, कोलडाडिया सेरा सिंचाई कुलो योजना महावु १, घट्टेखोला वाजकटिया सिंचाई कुलो योजना , महावु ४, ठाडोखोला तारामी टोल सिंचाई कुलो योजना महावु ६, र चुचे ढुङ्गा ताकमारे सिंचाई कुलो योजना महावु ५, का लगायत अन्य योजनाका लागि रु ३ करोड ६० लाख बजेट व्यवस्थापन गरेको छु

उल्लेखित आय र व्ययको प्रस्तुतीकरणमा चालु आर्थिक वर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक वर्ष (२०८२।०८३) को आय र व्ययको अनुमान रकम ३ करोड ६१ लाख ९९ हजार ५७२ रुपैयाले बढी भएको छ साथै गाउँपालिकामा कार्यान्वयन हुने तर आय-व्यय (बजेट) पुस्तिकामा समावेश नभएको अनुमानित बजेट रकमको विवरण निम्न बमोजिम रहने व्यहोरा समेत यस सम्मानित गाउँसभा समक्ष सादर जानकारी गराएको छु।

क. सामाजिक सुरक्षा अनुमानित रकम रु. १० करोड

ख. सडक बोर्ड नेपाल अनुमानित बजेट रु २५ लाख

ग. महाबु गाउँपालिकभित्र कार्यक्षेत्र रहेका संघ संस्थाहरुको बजेट रकम रु. १ करोड

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

नेपालको संविधानले हामीलाई सुम्पिएका दायित्वहरु र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णय बाट आगामी आ.व. २०८२।०८३ का लागि योजना तथा बजेट तय गरि यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छु। प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तयार गरेको छु। कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मुल आधारको रुपमा लिएको छु। साधन स्रोतको सिमितताले गर्दा उल्लिखित नीतिहरु र गाउँपालिकाबासीहरुले माग गरि पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटले सम्बोधन गर्न नसक्ने हुँदा त्यस्ता कार्यक्रमलाई पछि प्रकाशित हुने रातो

किताबमा 'योजना बैंक'का रुपमा प्रकाशित गरि क्रमशः लागु गर्दै जाने प्रतिवद्वता समेत सम्मानित गाउँसभा समक्ष प्रेषित गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

अव म सम्मानित गाउँसभा समक्ष माथि पेश गरेको महाबु गाउँपालिकाको गत आर्थिक वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँसभामा घनिभुत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु। साथै, आगामी आर्थिक वर्ष २०८२।८३ को प्रस्तावित आर्थिक विधेयक २०८२ (आ.व. २०८२।०८३) का लागि प्रस्ताव गरिएको करका दररेटको अनुमान सहितको जम्मा आय रु ७० लाख र विनियोजन विधेयक २०८२ (आ.व. २०८२।०८३) का लागि प्रस्ताव गरियोस् भनि प्रस्ताव गरेको छु । साथै, यस महाबु गाउँपालिकाको कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२) छलफल गरि पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित गाउँसभा समक्ष प्रस्ताव गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

उल्लेखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन। यसको लागि सम्मानित गाउँसभा समक्ष क्षमायाचना गर्दै यदि यसो हुन गएमा सच्याउनका लागि गाउँकार्यपालिका मार्फत सम्मानित गाउँसभा समक्ष सादर अनुमति मागेको छु। साथै आगामी आर्थिक वर्ष २०८२।०८३ को योजना तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु। गाउँपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय र व्यय, आगामी आर्थिक वर्ष २०८२।०८३ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध महाबु गाउँपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आमनागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारीमित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

मञ्जु कुमारी शर्मा पाण्डे
उपाध्यक्ष
महाबु गाउँपालिका दैलेख